## डिभिजन वन कार्यालय, धनकुटा

## जडिबुटि विकास सम्बन्धि कार्यक्रम संचालनको लागी प्रस्ताव आह्वान सम्बन्धी सूचना

राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशन मितिः२०८१।०८।२५

यस कार्यालयको आ.व. २०८१।०८२ को स्विकृत जडिबुटि विकास कार्यक्रम (संघ शंसर्त तथा प्रदेश) को तपसिलको जडिबुटि विकास कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले जडिबुटि विकास सम्बन्धि तपसिलका योजना सञ्चालन गर्न ईच्छुक व्यक्ति, वन समुह, वन पैदावार सम्बन्धि व्यवसाय आवद्ध फर्म, संगठित संघ संस्थाहरूले तोकिएको ढाँचा र तपसिलका शर्तहरूको अधिनमा रहि निम्न कार्यक्रमका लागी प्रस्ताव पेश गर्न यो ३० दिने सूचना प्रकाशन गरिएको छ। रित नपुगेका र म्याद नाघी प्राप्त भएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

<u>तपसिलः</u>

क) संचालन गरिने कार्यक्रमहरू

| ब.उ.शि.नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | स्विकृत रकम |
|---|---|---|---|---|
| ३२९९११२२ | जडिबुटि बिरूवा उत्पादन तथा खेति विस्तार | पटक | १ | ५३६,०००। |
| ३२९९११२२ | पकेट क्षेत्रमा जडिबुटी खेती विस्तार | पटक | १ | ४८०,०००। |
| ३२९०११०३ | जडिबुटि तथा गैहकाष्ठ वन पैदावार प्रशोधनका लागी सामाग्री खरिद र व्यवस्थापन | प्याकेज | १ | ९६०,०००। |

ख) प्रस्तावको ढाँचा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ । माथि उल्लेखित प्रत्येक क्रियाकलापको लागि छुट्टाछुट्टै प्रस्ताव पेश गर्नु पर्नेछ । शिलबन्दी प्रस्तावको बाहिरी खाममा नै क्रियाकलापको नाम उल्लेख गर्नु पर्नेछ ।

ग) शिलबन्दी प्रस्ताव डिभिजन वन कार्यालय, धनकुटामा तोकिएको म्यादभित्र दाखिला गर्नु पर्नेछ । दाखिला गर्दा निम्न बमोजिमको कागजात पेश गर्नु पर्नेछ -

- रू. १०।- को टिकट टाँसेको निवेदन पत्र ।
- व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- व्यवसायिक संस्थाको हकमा संस्था दर्ता प्रमाण पत्र, संस्थाको विधानमा जडिबुटी विकास सम्बन्धी प्रावधानको प्रमाणित प्रतिलिपि, संस्थाको उपरोक्त क्रियाकलाप संचालन गर्ने सम्बन्धमा निर्णयको प्रमाणित प्रतिलिपि, हालसालको करचुक्ता प्रमाण पत्र, वार्षिक नवीकरण प्रमाण पत्र, विगत ३ वर्षको लेखापरीक्षण प्रतिवेदन ।
- वन समूहको हकमा समूह दर्ता प्रमाण पत्र, म्याद भएको कार्ययोजनामा जडिबुटी विकास सम्बन्धी प्रावधानको प्रमाणित प्रतिलिपि, समूहको संस्थाको उपरोक्त क्रियाकलाप संचालन गर्ने सम्बन्धमा निर्णयको प्रमाणित प्रतिलिपि, विगत ३ वर्षको लेखापरीक्षण प्रतिवेदन।
- संक्षिप्त व्यवसायिक योजना ।
- सम्बन्धित स्थानीय तहको वडा कार्यालयको सिफारिस पत्र ।
- प्रस्तावकले जडिबुटी विकास सम्बन्धी उपरोक्त क्रियाकलापको लागि विगत विगतमा कुनै पनि निकायबाट अनुदान नलिएको र यस वर्ष समेत अन्य निकायबाट दोहोरो पर्ने गरी कुनै पनि निकायबाट अनुदान नलिएको स्वःघोषणा पत्र पेश गर्नु पर्नेछ ।
- व्यक्ति तथा संस्थको निजी जग्गाको हकमा कार्यक्रम संचालन हुने स्थानको जग्गाधनी प्रमाण पत्र, हाल सालैको तिरो रसिदको प्रतिलिपि, कित्ता नं. देखिने प्रमाणित फुल साइजको नक्शा, जग्गा लिजमा लिएको भए कम्तीमा १० वर्षको लागि गरिएको करारनामा पत्र ।

  शिलबन्दी प्रस्तावमा रितपूर्वक माथि उल्लेखित सम्पूर्ण कागजातहरू संलग्न हुनु पर्नेछ । सम्पूर्ण कागजातहरू संलग्न नभएमा त्यस्तो प्रस्ताव छनौट सम्बन्धी कारवाहीको लागि योग्य हुने छैन ।

घ) खेती गरिने जडिबुटी प्रजाति भन्नाले जिल्ला स्तरीय जडिबुटी विकास फोकल टिमले निर्णय गरे बमोजिम तेजपात, लाहा, चिउरी, चिराइतो, रूद्राक्ष, हर्रो, बर्रो, अमला, बेल, बोके टिम्बुर, लप्सी, लौठसल्ला, लोक्ता, अर्गेली भन्ने जनाउने छ ।

ङ) जडिबुटी विकासका लागि पकेट क्षेत्र भन्नाले तपसिल बमोजिम जनाउने छ ।

| सि.नं. | जडिबुटी प्रजाति | पकेट क्षेत्र |
|---|---|---|
| १ | तेजपात | साँगुरीगढी गा.पा., चौबिसे गा.पा., शहिदभुमी गा.पा., पाखिवास न.पा. र धनकुटा न.पा. । |
| २ | बोके टिमुर | सबै स्थानीय तह। |
| ३ | चिराइतो | सबै स्थानीय तह। |
| ४ | चिउरी | साँगुरीगढी गा.पा., शहिदभूमी गा.पा., चौबिसे गा.पा. र पाख्रिवास न.पा. |

| | | |
|---|---|---|
| ५ | रूद्राक्ष | महालक्ष्मी न.पा., पाख्रिबास न.पा. र शहिदभूमि गा.पा. । |
| ६ | हर्रो, बर्रो, अमला, बेल | सबै स्थानीय तह |
| ७ | लप्सी, अर्गेली | सबै स्थानीय तह |
| ८ | लौठ सल्ला | सबै स्थानीय तह |
| ९ | जैतुन | सबै स्थानीय तह |

च) फोकल टिमले प्रदेशहरूबाट संचालन गरिने सशर्त अनुदानका कार्यक्रमहरूको कार्यान्वयन कार्यविधि, २०७६ बमोजिम तपसिलको मूल्यांकनको आधार /मापदण्डको अधिनमा रही प्राप्त प्रस्तावहरूको मूल्यांकन गरी उत्कृष्टताको आधारमा बढीमा १० वटा सम्म उत्कृष्ट प्रस्ताव छनौट गरी डिभिजन वन कार्यालयलाई सिफारिश गर्नेछ र डिभिजन वन कार्यालयले सोही बमोजिम उपरोक्त कार्यक्रम कार्यान्वयन गर्नेछ ।

छ) वैदिशक रोजगारबाट फर्किएका युवाबाट पेश हुन आएको प्रस्तावलाई विशेष प्राथमिकता दिईनेछ ।

ज) नयाँ तथा नविनतम प्रविधिको प्रयोग गरी स्थापना हुने उद्यमलाई विशेष प्राथमिकता दिईनेछ ।

झ) प्रस्तावकले कुल लागतको कम्तिमा २० प्रतिशत लागत व्यहोर्नु पर्नेछ तथा आफ्नो तर्फको लगानी र स्थानिय रोजगारी सृजना बढी गर्ने उद्यमलाई विशेष प्राथमिकता दिईनेछ ।

ञ) प्रस्ताव आव्हान सम्बन्धी थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

ट) प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार फोकल टिमको सिफारिश बमोजिम यस कार्यालयमा हुनेछ ।

ठ) प्रस्तावक कृषक, संस्था, वन समूहले विगत विगतमा उपरोक्त जडिबुटी विकास सम्बन्धी क्रियाकलाप संचालनका लागि यस कार्यालयबाट अनुदान लिएको पाएमा त्यस्तो प्रस्ताव छनौट सम्बन्धी कारवाहीको लागि योग्य हुने छैन ।

ड) अन्य कुराको हकमा प्रचलित कानून (ऐन, नियम, निर्देशिका र कार्यविधि) बमोजिम हुनेछ ।

सम्पर्कको लागी ठेगाना
डिभिजन वन कार्यालय, धनकुटा
०२६५२२२२९, ९८५२०६०५२९, dhankutadfo@gmail.com

भरत बाबु श्रेष्ठ
डिभिजनल वन अधिकृत